annapurnapost.com
अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ११४ पृष्ठ ८ | काठमाडौं, बिहीबार ६ भदौ २०८१ | भाद्र कृष्णपक्ष तृतीया नेपाल संवत् ११४४ | THURSDAY, AUGUST 22, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

## फेक अडियो प्रकरणमा संलग्न तिमिल्सिना पक्राउ



**अजवी पौड्याल** | *काठमाडौं*

फेक अडियो प्रकरणका फरार अभियुक्त राजकुमार तिमिल्सिना पक्राउ परेका छन्। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले तिमिल्सिनालाई बुधबार साँझ पक्राउ गरेको हो। अपराध अनुसन्धान कार्यालयका प्रवक्ता काजीकुमार आचार्यले तिमल्सिना पक्राउ परेको पुष्टि गरे।

सर्वोच्च अदालतका न्यायाधीश, कानुन व्यवसायी, सञ्चार उद्यमी र पत्रकार समेतलाई मुछेर तिमिल्सिनाले फेक अडियो बनाएका थिए। उनले दिएको उक्त फेक अडिया सीधाकुराले 'डार्क फाइल' नाम दिएर प्रसारण गरेको थियो। उक्त अडियो प्रहरीको साइबर ब्युरोले भुटो भएको प्रमाणित गरेको थियो।

ब्युरोका निर्देशक डीआईजी नविन्द अर्यालको नेतृत्वमा बनेको समितिले सीधाकुरामा प्रसारित अडियो भुटा भएको र यसमा संलग्नविरुद्ध तीनवटा कसुरमा अनुसन्धान गरी कारबाही गर्नुपर्ने राय दिएको थियो।

» बाँकी पृष्ठ ६

कभर स्टोरी

# बालविवाह व्याप्त, बालिकाको संख्या उच्च

अपराध संहिताले २० वर्षभन्दा कम उमेरमा विवाह गर्ने/गराउनेलाई ३ वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिवाना तोकेको छ। तर, हालै सार्वजनिक भएको सरकारी तथ्यांकले मुलुकमा बालविवाह व्याप्त रहेको देखाएको छ।

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

**- को रिपोर्ट**




समाचार पृष्ठ २

## थाल्ने होइन त 'स्टार्टअप' व्यवसाय ?




**ममता थापा** | *काठमाडौं*

स्वदेशमै केही नयाँ गर्ने सोच र योजना छ ? त्यसका लागि तपाईंसँग सीप र क्षमता छ ? अब नआत्तिनुहोस्, सरकारले सहुलियत ऋण दिँदै छ। ढुक्कले लगानी गर्नुहोस्, स्वदेशमै रोजगारी र व्यवसाय बढाउनुहोस्। नवीनतम र सिर्जनशील सोच भएका युवा/महिलाका लागि सरकारले स्टार्टअप नेसन २०३० कार्यक्रम सञ्चालन गरिसकेको छ। आर्थिक वर्ष २०८१/८२ का लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८१ हालसालै जारी गरेको छ।

यससँगै अब स्टार्टअप उद्यमीलाई सहुलियतपूर्ण कर्जा लिन बाटो खुलेको हो। सरकारले स्टार्टअपका लागि १ अर्ब रकम बजेटमा विनियोजन गरिसकेको छ। स्टार्टअप उद्यम कार्यक्रमको कार्यान्वयन औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले गर्ने छ। उसले कार्यविधिअनुसार कर्जा लिन इच्छुक उद्यमीबाट प्रस्ताव आह्वान गर्ने छ। प्रतिष्ठानले राष्ट्रियस्तरका दैनिक पत्रिका र विद्युतीय माध्यमबाट प्रस्ताव आह्वान हुने जनाएको छ। प्रस्ताव आह्वान भएको २१ दिनभित्र योग्यता पुगेका स्टार्टअप उद्यमीले प्रतिष्ठानमा प्रस्ताव पेस गर्न पाउने छन्। तर, एक उद्यमीले एकभन्दा बढी प्रस्ताव पेस गर्न पाइने छैन।

कर्जा प्रवाह गर्ने औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले कुनै एक वा एकभन्दा बढी बैंकलाई तोक्नेछ। कार्यविधिमा स्टार्टअप उद्यम भनेर 'वस्तु, सेवा र प्रक्रियाको विकास, उत्पादन, सञ्चालन र वितरणमा नवीन अन्वेषण एवं सिर्जनशील सोचको प्रयोग गरी व्यवसायका रूपमा सञ्चालन भएका र स्तरोन्नतिको सम्भावना रहेका' उद्यमलाई मानिने उल्लेख छ। स्टार्टअप उद्यममा संलग्न हुन उत्प्रेरित गर्दै मन्त्रालयले सहुलियतपूर्ण कर्जा प्रवाह गर्नेसम्बन्धी कार्यलाई स्पष्ट र पारदर्शी बनाउन कार्यविधि बनाएको बताएको छ।

» बाँकी पृष्ठ ६

